
हेल्थ डेस्क (Health
IOM UN MIGRATION
Funded by European Union Humanitarian Aid
कोभिड-१९ विरुद्ध द्रुत प्रतिकार्य र
पूर्व तयारीका निम्ति आइसोलेशन केन्द्र र
सिमानाकाको सवलिकरण मार्फत प्रभावकारी
केस व्यवस्थापन परियोजना
प्राथमिक मनोवैज्ञानिक सहयोग
आत्महत्या रोकथामका लागि निम्न हेल्पलाइनबाट सहयोग प्राप्त गर्न सकिन्छ ।
यी हेल्पलाइन निशुल्क उपलब्ध छन् ।
आत्महत्या रोकथाम हेल्पलाइन सेवा ११६६
टिचिङ अस्पताल आत्महत्या हेल्पलाईन सेवा १६६००१२१६००
११६६
मास्क खै ?

# सकस !

भीमका लागि २०७९ साल पुष ९ गते अर्कै सूर्य उदायो । लामो समयदेखि भारतको बेङ्लोर शहरमा काम गर्दै आएका ४३ वर्षीय भीमका लागि प्रवासमा काम गर्नु आफ्नो परिवार पाल्ने एक मात्रै विकल्प थियो । तर मानिस परिवारबाट आखिर कति दिनसम्म टाढा रहन सक्छ र ? भीमले आखिर घर फर्किने निर्णय गरे र आफ्नो कुम्लोकुटुरो बाँधे । २०७९ साल पुष ९ गते उनी नेपाल भारत सीमानाका, गड्डाचौकी आइपुगे । भारतको भूमि छोड्दासम्म सामान्य रहेको उनको यात्रा नेपालको भूमि टेक्दासम्म अर्कै हुन पुग्यो ।

त्यो दिन, जसै भीमले भारतीय भूमि छोडे र नेपालतर्फ अघि बढ्न थाले, गड्डाचौकीमा भएको प्रवेश नाका आइपुग्नै लाग्दा एउटा लुटेरको झुण्ड एकाएक उनको सामु देखा पर्‍यो । भीमसँग उनको सामान र परिवारका लागि विदेशी भूमिमा दुःख गरेर कमाएको अलिकति पैसा थियो । लुटेराहरूले उनीसँग भएका सबै सामान खोसे र ज्यानै लिने धाकधम्की दिन थाले । भीमले आफूसँग भएको सारा सामान बुझाए र जीवन रक्षाको याचना गर्न थाले । कसोकसो उनी त्यहाँबाट उम्किन सफल भए र उनी गड्डाचौकी आइपुगे । गड्डाचौकीमा रहेका प्रवेश विन्दुका कर्मचारीले उनलाई स्वागत गरे । अलिकति आड पाएका भीमले आफूले भर्खरै भोगेका कुरा एकै सासमा सुनाए ।

उनको कुरा सुन्ने मनोवैज्ञानिक प्राथमिक उपचारकर्मी थिए । उनीहरूले भीमलाई परिवारसँग सम्पर्क गर्न र नेपाल प्रहरीकोमा उनको केस उजुरी गर्न सहयोग गरे । नेपाल प्रहरीले त्यसपछिको प्रक्रिया अघि बढायो भने प्रवेश बिन्दुका कर्मचारीहरूले उनलाई परिवारसँगको पुनर्मिलनमा सहयोग गरे । भीम लुटिएको सामान र पैसा पाउने आशामा छन् तर उनका लागि सबैभन्दा ठूलो कुरा आफ्नो ज्यान जोगाउन सकेको सत्य हो । मनोवैज्ञानिक प्राथमिक उपचारकर्मीहरूले उनको कुरा ध्यानपूर्वक सुने र उनलाई सबै कुराका लागि सहयोग गरेका थिए । तर भीम दैनिक रूपमा घट्ने यस्ता घटनाका प्रतिनिधि पात्र मात्रै हुन् !